प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# संवत् २०८० साल असोज २ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २१।०७९

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | प्रदेश सरकारको मौजुदा सङ्गगठन संरचनालाई मितव्ययी, चुस्त, छरितो र नतिजामूलक बनाउन प्रदेश सरकार मातहतका कार्यालय एवं निकायहरूको आवश्यक अध्ययन गरी पुनरावलोकन गर्न प्रशासन सुधार तथा सुझाव कार्यदल गठन गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | पूर्व मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई औषधी उपचार सहायता उपलब्ध गराउने। |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्रदेशको अस्थायी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने। |
| ४. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | आँपपीपल अस्पताल, गोरखा र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र बाग्लुङलाई ५० शय्यामा स्तरोन्नति गरी प्रदेश मातहत ल्याई सञ्चालन गर्न आवश्यक वित्तीय स्रोत सुनिश्चितता सहित अस्पताल स्तरोन्नति गर्न नेपाल सरकारलाई अनुरोध गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०८० साल असोज ११ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २२।०७९

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेश सभाको चालु अधिवेशन अन्त्यका लागि माननीय प्रदेश प्रमुखज्यूलाई सिफारिस गर्ने |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## संवत् २०८० साल असोज २२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २३।०७९

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | यस मन्त्रालय मातहतका डिभिजन वन कार्यालयहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गरी यस प्रदेशमा फाजिलमा रही कामकाज गरिरहेका पच्चीस जना फरेष्टरहरूको दरबन्दी समायोजन मिलान गर्न नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने। |
| २. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | RCIP-AF को परियोजना सम्झौतामा हस्ताक्षर गर्ने अधिकारी भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिवललाई तोक्ने। |
| ३. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | RCIP-AF को आयोजना कार्यान्वयन इकाई स्थापना गरी तेह्र जना कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*